बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं.: ४२४

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदुरपश्चिम प्रदेश, नेपाल

मिति : २०७९/०६/०२

## अत्यन्त जरुरी सूचना ।

मिति २०७९/०५/३० मा निर्वाचन आयोग नेपाल र मिति २०७९/०६/०१ मा प्रकाशित राष्ट्रिय भूमि आयोग ताहाचल, काठमाण्डौंको सूचना बमोजिम यस बेलौरी नगरपालिकामा भूमि आयोग सम्बन्धी भैरहेको जग्गा वितरण सम्बन्धी निवेदन लिने, जग्गा नापजाँच, निस्सा वितरण तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

2079/06/02

सुशिला लेखक

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

## अत्यन्त जरूरी सूचना !

**प्रकाशित मिति : २०७९/०६/०१**

मिति २०७९।०५।३० मा निर्वाचन आयोग नेपालले यस आयोगलाई जग्गा वितरण सम्बन्धी निवेदन लिने, जग्गा नापजाँच, निस्सा वितरण तथा लालपुर्जा वितरण कार्य तत्काल स्थगन गर्न निर्देशन दिएकाले लगत संकलनका लागि मिति २०७९।०४।३१, २०७९।०५।०१, २०७९।०५।०२ र मिति २०७९।०५।२९ को गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा उल्लेखित कामका अतिरिक्त लगत संकलन, जग्गा नापजाँच, जग्गाको निस्सा तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

# प्रेस विज्ञप्ति

**राष्ट्रिय भूमि आयोगलाई लालपूर्जा वितरण गर्ने लगायतका सम्पूर्ण कार्यहरु स्थगित गर्न र नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय तहलाई वैदेशिक भ्रमण नगर्न नगराउन आयोगको निर्देशन**

मिति : २०७९।५।३०

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन संवत् २०७९ मङ्सिर ४ गते आइतवारका दिन एकै चरणमा हुने गरी घोषणा भई निर्वाचनको तयारीका कार्यहरू भइरहेको साथै प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यालय स्थापना भई यहि मिति २०७९ आश्विन २ र ३ गते उम्मेदवार मनोनयनको लागि बन्दसूची पेश गर्ने कार्यक्रम र क्रमशः निर्वाचनका अन्य कार्यक्रमहरू सञ्चालन हुने गरी राजपत्रमा सूचना प्रकाशित भइसकेको सन्दर्भमा आसन्न निर्वाचनमा स्वच्छता र निष्पक्षता कायम राख्न निर्वाचन सम्पन्न नभएसम्मका लागि आफु र आफ्नो मातहतबाट हुने र भइरहेका जग्गा वितरण सम्बन्धी निवेदन लिने, जग्गा नापजाँच गर्ने र जग्गाको निस्सा तथा लालपूर्जा वितरण गर्ने लगायतका सम्पूर्ण कार्यहरु तत्काल स्थगित गरी सोको यथार्थ जानकारी दुई दिनभित्र निर्वाचन आयोगलाई दिन राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौंलाई निर्देशन दिएको छ ।

त्यसैगरी सम्बन्धित आयोजक तथा प्रायोजकबाट सम्पूर्ण खर्चहरू वेहोर्ने गरी स्वीकृत गरिने वैदेशिक भ्रमण बाहेक नेपाल सरकारलाई प्राप्त हुने अनुदान तथा सहयोग रकमबाट र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कोषबाट कुनै पनि रकम खर्च हुने गरी गरिने वैदेशिक भ्रमण नगर्न नगराउन नेपाल सरकार, ७ (सात) वटै प्रदेश सरकार र ७५३ (सात सय त्रिपन्न) वटै स्थानीय तहहरूलाई निर्देशन दिएको छ ।

२०७९/०५/३०

**( शालिग्राम शर्मा पौडेल )**

सहसचिव एवम् प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३, फ्याक्स (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"